# दैनिक सिकाइको परीक्षण : सहभागीको अभ्यास र लगनशीलता बढाउने उपाय

– खगराज बराल, कार्यकारी निर्देशक,
शैक्षिक जनशक्ति विकास केन्द्र, सानोठिमी, भक्तपुर

## लेखसार

**मूल्याङ्कनका विविध तरिकाहरूमध्ये परीक्षा एक महत्त्वपूर्ण साधन हो । परीक्षण औपचारिक वा अनौपचारिक दुवै तरिकाबाट गर्न सकिन्छ । हालका दिनहरूमा परीक्षणलाई सिकाइका लागि उपयोग गर्ने चलन बढ्दै गएको छ । शिक्षकले हरेक दिन शिक्षण गरेको विषयमा विद्यार्थीहरूले सिकाइ उपलब्धि हासिल गरे नगरेको थाहा पाउन गरिने मूल्याङ्कनलाई दैनिक सिकाइको मूल्याङ्कन भनिन्छ । दैनिक सिकाइको मूल्याङ्कनले निरन्तर मूल्याङ्कनमा समेत सहयोग पुऱ्याउँछ । दैनिक सिकाइ परीक्षणले तत्कालै सिकाइको परीक्षण गरिने भएकाले विद्यार्थीहरूमा सिकाइको वा पाठको पुनरावलोकन गर्न सहयोग पुऱ्याउँछ । यस्तो कार्यले विद्यार्थीहरूको सहभागितामा वृद्धि गर्नुका अतिरिक्त सिकाइ एकाग्रतासमेत बढाउँछ । दैनिक सिकाइ परीक्षणका क्रियाकलापमा विद्यार्थीहरूसमेतको सहभागिताले उनीहरूमा सकारात्मक भावना विकास गर्न समेत सहयोग पुऱ्याउँछ ।**

## मुख्य शब्दावली

दैनिक सिकाइ (Daily Learning), परीक्षण (Examination), मूल्याङ्कन (Evaluation)

## विषय प्रवेश

सिकाइका लागि मूल्याङ्कन गर्नु आवश्यक छ । मूल्याङ्कनका लागि परीक्षण आवश्यक हुन्छ । औपचारिक परीक्षणले मात्र मूल्याङ्कनलाई प्रभावकारी बनाउँदैन । परीक्षणका अनौपचारिक तरिकाले मूल्याङ्कनलाई प्रभावकारी बनाउँछ र यसले सिकाइलाई दरो बनाउँछ । विद्यालय तहका प्रारम्भिक वर्षहरूमा निरन्तर मूल्याङ्कन प्रणालीलाई कार्यान्वयन गरिएको छ । तर निरन्तर मूल्याङ्कन प्रणालीलाई बढी औपचारिक बनाइँदा यसको प्रयोग बढी झन्झटिलो बन्दै गएको र शिक्षकहरूलाई बोझ हुन गएको प्रतीत हुन्छ । कक्षा कोठामा सिकारुको सिकाइलाई दैनिक परीक्षण गरी सो परीक्षणमा सिकारुको सहभागिता बढाउन सकेमा सिकाइमा सुधार हुन्छ र कक्षा कोठाभित्रै प्रतिस्पर्धात्मक वातावरण सिर्जना गर्न सकिन्छ । यसका लागि दैनिक सिकाइको परीक्षण तरिका अपनाउन सकिन्छ । दैनिक सिकाइको परीक्षणलाई निरन्तर मूल्याङ्कन प्रणालीकै औजारका रूपमा लिन सकिन्छ । यस लेखमा दैनिक सिकाइको मूल्याङ्कनको अवधारणा, शैक्षिक तालिम केन्द्र, तनहुँको अनुभव : एक मामला, दैनिक सिकाइको परीक्षणका फाइदा, विद्यालयमा प्रयोग गर्ने तरिका र अन्त्यमा निष्कर्ष दिइएको छ ।

## दैनिक सिकाइको मूल्याङ्कनको अवधारणा

सिकाइको मूल्याङ्कन गर्ने तरिका धेरै छन् । हाम्रो परिपाटीमा परीक्षा पद्धतिबाट मात्र सिकाइको परीक्षण गर्ने चलन छ । यसले विद्यार्थीको दैनिक सिकाइलाई लेखाजोखा गर्न सक्दैन । कक्षा १ देखि ७ सम्म निरन्तर मूल्याङ्कन प्रणालीको अभ्यास भइरहेको छ तर विद्यालयमा आवधिक परीक्षाका माध्यमबाट नै सिकाइको लेखाजोखा गरेको पाइन्छ । निरन्तर मूल्याङ्कन प्रणालीमा कक्षा कार्य, गृहकार्य, परियोजना कार्य, एकाइ परीक्षा, त्रैमासिक परीक्षालगायतका विभिन्न साधन अपनाउन सकिन्छ । अझ भन्नु पर्दा निरन्तर विद्यार्थी मूल्याङ्कनमा

पाठ्यक्रमले तोकेका हरेक सिकाइ उपलब्धि हासिल भएको सुनिश्चित हुनुपर्छ । यसका लागि शिक्षकले हरेक विषय वस्तु विद्यार्थीले हासिल गरे नगरेको थाहा पाउनु आवश्यक हुन्छ । हरेक विद्यार्थीको दैनिक सिकाइको लेखाजोखा गर्न शिक्षकलाई पक्कै सजिलो हुँदैन । तर निरन्तर विद्यार्थी मूल्याङ्कनमा विद्यार्थीले दैनिक रूपमा सिकेका सिकाइको लेखाजोखा गर्नु अनिवार्य जस्तै हुन्छ । हरेक सिकाइ उपलब्धिको लेखाजोखा गर्न दुई वा तिन दिन पर्खनुपर्छ । सिकाइ उपलब्धिले समेटेका विषय वस्तुको शिक्षण गरेपछि मात्र विद्यार्थीको सिकाइको परीक्षण गरिने हुँदा हरेक दिनको सिकाइको मूल्याङ्कन गर्न सकिएको हुँदैन । शिक्षकलाई आफ्ना विद्यार्थीले हरेक दिन के सिके भन्ने कुराको जानकारी लिनुपर्ने हुन्छ । यसका लागि दैनिक रूपमा सिकाइको लेखाजोखा गर्नुपर्दछ । सामान्य रूपमा लिँदा यो झन्झटिलो काम हुन सक्छ । यसलाई सजिलो बनाउन सकिन्छ । यसका लागि विद्यार्थीलाई नै सहभागी गराउनुपर्छ । दुई चार दिनको अभ्यासपछि विद्यार्थी यस प्रकारको क्रियाकलापमा अभ्यस्त हुन्छन् । विद्यार्थीको सहभागितामा मूल्याङ्कन गराउँदा विद्यार्थीमा अध्ययन गर्ने, अभ्यास गर्ने, प्रतिस्पर्धा गर्ने, सही मूल्याङ्कन गर्ने बानीको विकास हुन्छ । शिक्षकको कार्य बोझ पनि घट्छ । शिक्षकको सुपरिवेक्षणीय भूमिका बढ्छ । यस किसिमको परीक्षण पद्धतिको अभ्यासबाट निरन्तर मूल्याङ्कन प्रणालीलाई सहयोग मिल्छ भने विद्यार्थीको सिकाइ उपलब्धि र सिकाइप्रतिको लगाव बढ्छ । यस सम्बन्धमा लेखकले शैक्षिक तालिम केन्द्र, तनहुँमा प्रशिक्षक हुँदा प्रशिक्षार्थीमा परीक्षण गरिएको दैनिक सिकाइको परीक्षणको अनुभवलाई तल उल्लेख गरिएको छ ।

## शैक्षिक तालिम केन्द्र, तनहुँको अनुभव : एक मामला

२०५९ पुसदेखि प्राथमिक शिक्षक तालिम केन्द्र, तनहुँमा प्रशिक्षण कार्यमा संलग्न रहें । २०६० वैशाखबाट शिक्षक शिक्षा आयोजनाको नयाँ कार्यक्रम प्रारम्भ भयो । प्राथमिक शिक्षक सेवाकालीन तालिमलाई उक्त कार्यक्रमले ३ चरणमा विभाजन गरेको थियो । पहिलो चरण २.५ महिना (३३० घण्टा), दोस्रो चरण ५ महिना (६६० घण्टा) र तेस्रो चरण २.५ महिना (३३० घण्टा) गरी विभाजन गरिएको थियो । पहिलो चरण (३३० घण्टा) लाई एघार ओटा ब्लकमा बाँडिएको थियो । हरेक ब्लकलाई कार्य दिन एक हप्ता (६ दिन) बाँडिएको थियो । ब्लकहरू प्राथमिक शिक्षा र विकास, शिक्षण व्यवस्थापन, व्यावसायिक अध्ययन, नेपाली शिक्षण, गणित शिक्षा, वातावरण शिक्षा शिक्षण, अङ्ग्रेजी शिक्षण, अभ्यास शिक्षणको परिचय र तयारी, अभ्यास शिक्षणको ब्लकअनुसार तालिम सञ्चालन गर्नुपर्थ्यो । हरेक ब्लकका लागि ५ घण्टा छुट्याइएको थियो । सामान्यतया: अङ्ग्रेजी शिक्षण आठौं हप्तामा शिक्षण गर्नुपर्थ्यो । हरेक ब्लकका लागि ६ दिने एउटै प्रशिक्षण तोकिएको हुन्थ्यो । बिहान कक्षा सुरु हुने समयदेखि कक्षा समाप्त हुने समयसम्म एउटै प्रशिक्षकले प्रशिक्षण गर्ने र सो हप्ता उक्त कक्षा त्यही प्रशिक्षककै जिम्मामा हुन्थ्यो । एउटै प्रशिक्षकले प्रशिक्षण गर्दा दिक्क नलागोस् भनी हाउस रुल (कक्षा कोठाको नियम), कार्य विभाजन तालिका (job-chart) र शारीरिक तथा सिर्जनात्मक कलाका विषय पनि समावेश गरिन्थ्यो । कार्य विभाजन तालिकामा कक्षाका सहभागीहरूलाई समूहमा विभाजन गरी सरसफाइ र सजावट, सामग्री व्यवस्थापन, अतिरिक्त क्रियाकलाप, फुलबारी र मनोरञ्जनात्मक क्रियाकलाप गर्ने जिम्मा दिइन्थ्यो । ६ दिनमा हरेक समूहलाई एक ओटा काम दोहोरिन्थ्यो । सहभागीहरू समयमा आई जसको सरसफाइ र सजावट काम छ, उनीहरू तालिम कक्ष सफा गर्न र सजाउन व्यस्त हुनुहुन्थ्यो । भोलिपल्ट सरसफाइ र सजावट काम पर्नेले तालिम सम्पन्न हुनासाथ सरसफाइ र सजावट गर्ने काम पनि अग्रिम रूपमा गर्नु हुन्थ्यो । यसले भोलि आउँदा सफा र सुन्दर कक्षामा बस्न मिल्थ्यो । तालिम कक्ष सफा गर्न कार्यालय सहयोगीलाई अनुमति थिएन । तालिम सञ्चालन भएको एक डेढ घण्टामा मनोरञ्जन समूहले रमाइलो वातावरण बनाउँथ्यो । गीत गाउने, नाच्ने, सङ्गीतका साधन बजाउने, चुट्किला भन्ने आदिबाट मनोरञ्जन गराउँथ्यो । समूह आफू नाच्थ्यो, अरूलाई नचाउँथ्यो । प्रशिक्षकलाई पनि नचाउँथ्यो । सामग्री व्यवस्थापन समूहले तालिमका लागि चाहिने सामग्री दराजबाट झिक्थ्यो, समूह कार्यका लागि उपलब्ध गराउँथ्यो र तालिम कक्षा सम्पन्न भएपछि दराजमा राख्थ्यो । हरेक दिन तालिम सकिएपछि टेप, कैँची, साइनपेन, मार्कर, स्केल, न्युजप्रिन्ट बाहिर देख्न पाइँदैनथ्यो । तालिमका बिच बिचमा सिर्जनात्मक कलाको अभ्यास

हुन्थ्यो । तालिम कक्षाका बाहिर तालिम वर्गका लागि स्थान छुट्याइएको थियो । सो स्थानमा फुलबारी बनाउनु भएको थियो । बिहान तालिममा आउँदा स्थानीय सहभागीहरूले फुलका बिरुवा ल्याउनु हुन्थ्यो । सिँचाइ गर्नुहुन्थ्यो, गोडमेल गर्नुहुन्थ्यो । कतिपयले प्राङ्गारिक मल पनि ल्याउनुहुन्थ्यो । अतिरिक्त क्रियाकलाप समूहले हरेक दिन तालिम सकिने १० मिनेट पूर्व अतिरिक्त क्रियाकलापका लागि चौरमा लैजानुहुन्थ्यो । चौरमा स्थानीय स्तरका खेल खेलाउनुहुन्थ्यो । मनाङ, मुस्ताङ, म्याग्दी, लमजुङ, गोरखा, बाग्लुङ, स्याङ्जा, पर्वतका स्थानीय खेलसँग सहभागी परिचित हुन्थे, खेलको नियम सिक्थे, मनोरञ्जन लिन्थे ।

प्रशिक्षणका यस्ता क्रियाकलापले सहभागीहरूलाई आफ्नो विद्यालयमा यस्तै किसिमका शिक्षण गर्नुपर्ने सन्देश दिएको थियो । कक्षा शिक्षणलाई कसरी सिर्जनात्मक बनाउने, कक्षा सजावट र सरसफाइमा विद्यार्थीलाई कसरी सहभागी गराएर जिम्मेवार बनाउने भन्ने कुराको सन्देश दिइएको थियो । कक्षा कोठाका सामग्रीको जतन र व्यवस्थापन, अतिरिक्त क्रियाकलाप, विद्यालयमा फुलबारी र कक्षाभित्रै मनोरञ्जन गर्ने सिप पनि सिकाइको थियो । यसले गर्दा विद्यार्थीमा जीवनोपयोगी सिपको विकास हुने र कक्षा कोठा बाल मैत्री, विद्यार्थी मैत्री र मनोरञ्जक हुने सन्देश दिइएको थियो ।

यसका अतिरिक्त मेरो कक्षामा मैले एउटा नयाँ क्रियाकलाप थपेको थिएँ । त्यो थियो सहभागीको सिकाइको दैनिक परीक्षण । यसका लागि हरेक दिनको तालिम कार्यक्रमको अन्त्यमा त्यही दिनभरि कक्षामा छलफल भएका विषय वस्तुका आधारमा १० ओटा प्रश्न दिने गरिएको थियो । ठुलो चार्ट पेपरमा कक्षाका सहभागीहरूको नाम, हरेक दिनको पूर्णाङ्क लेखिएको हुन्थ्यो । भोलिपल्टको कक्षामा सहभागीहरूलाई एक एक ओटा पानामा आफ्नो नाम लेख्न लगाइन्थ्यो । अघिल्लो दिनमा दिइएका प्रश्नका क्रमलाई तलमाथि गरी प्रशिक्षकले प्रश्न भनिदिने र सहभागीले तत्कालै उत्तर लेख्न लगाइन्थ्यो । प्रश्न दुई पटकभन्दा बढी दोहोऱ्याइँदैनथ्यो । अघिल्लो दिनमा नै टिपोट गराइएको प्रश्न भएकाले प्रश्नको उत्तर लेख्ने काम १० मिनेटमा नै सकिन्थ्यो । उत्तर लेख्ने समय सकिएपछि उत्तर लेखिएका पानाको सङ्कलन गरेर सहभागीहरूलाई नै परीक्षण गर्न दिइन्थ्यो । प्रशिक्षकले प्रश्न भनिदिने, सोको उत्तर पनि भनिदिने र कति उत्तर लेखेमा कति अङ्क पाउने पनि भन्ने काम हुन्थ्यो । सहभागीले प्रशिक्षकको निर्देशनमा उत्तर परीक्षण गरी अङ्कन गर्नुहुन्थ्यो । तालिम कक्षको भित्तामा टाँसिएको प्राप्ताङ्क चार्ट तालिकामा जुन सहभागीलाई जसको उत्तर पाना परेको छ त्यसको अङ्क भन्न लगाइन्थ्यो र प्रशिक्षकले प्राप्ताङ्क टिप्ने काम हुन्थ्यो । प्राप्ताङ्क कोलमको सुरुमा पूर्णाङ्क टिपोट गरेपछि उत्तर लेखिएका पानाहरू सङ्कलन गरी प्रशिक्षकको जिम्मामा राखिन्थ्यो । कसैको गुनासो भएमा प्रशिक्षकले हेर्ने काम हुन्थ्यो भने गलत उत्तरलाई अङ्क दिएमा परीक्षकको नै अङ्क घट्थ्यो । यो प्रक्रिया कक्षामा ६ दिनसम्म निरन्तर चलिरह्यो ।

सुरुका दिनमा त शिक्षक सहभागीहरूले जाँच लिएर अप्ठ्यारो पारेको महसुस गर्नुभयो । सुरु सुरुमा प्राप्ताङ्क पनि निकै कम आयो । दोस्रो, तेस्रो दिनदेखि प्राप्ताङ्कमा केही सुधार देखियो । हप्ताभरि नै तालिम कक्षको भित्तामा टाँसिएका चार्ट आफ्नो प्राप्ताङ्क बताउने हुँदा शिक्षकहरू बिहान बेलुकी पनि तालिमका विषय वस्तुका बारे छलफल गर्न थाल्नुभयो । अन्य कक्षाका तालिम समूहका सहभागीहरूले पनि थाहा पाउनु भएछ । "हाम्रोमा पनि यस्तै हुन्छ नि !" भन्दै गफ गर्नुभएको मैले सुनेँ । छात्रावासमा बस्ने सहभागीहरू बिहान बेलुकी तिनै १० प्रश्नमा घोत्लिएको पाएँ । तालिम सकिएपछि बजार घुम्नेहरू पनि बजार जान छाड्नुभयो । नौ हप्तामा पाँचओटै समूहमा मेरो कक्षा पऱ्यो । हरेक कक्षामा ६ दिन यस्तै दैनिक सिकाइ परीक्षण गरिँदै गइयो । पहिलो दिनमा अप्ठ्यारो मान्ने शिक्षकहरूले हप्ताको अन्तिम दिन "केही त सिकिएछ" भन्न थाल्नुभयो । तालिम केन्द्रको माहौल हेर्दा देखिन्थ्यो यो हप्ता मैले तालिम कुन समूहको कक्षामा चलाउँदै थिएँ । प्रशिक्षार्थीहरूमा आन्तरिक प्रतिस्पर्धा पनि भएको चाल पाएँ । प्रशिक्षण कक्षको भित्तामा हप्ताभरि आफ्नो प्राप्ताङ्क टाँसिने भएकाले कम अङ्क आएमा पछुतो मान्ने र अरूको भन्दा बढी ल्याउने मानसिकता देखियो । मेरो प्रशिक्षण हुने समूहका प्रशिक्षार्थीहरू सो साता छात्रावासमा राखिएको टेलिभिजन हेर्न पनि निस्कनु भएन । प्रशिक्षण कक्षमा जाँदा र फर्किंदा बाटोमा समेत पुस्तक पल्टाएको देखियो । सहभागी भेट हुँदा एकले अर्कालाई १० प्रश्नका बारे

परीक्षण गरेको र सही उत्तर पत्ता लगाउन कोसिस गरेको भेटियो ।

दैनिक सिकाइ परीक्षणले खासै नयाँ सिद्धान्त खोजेको थिएन । शिक्षा प्रणालीले विद्यार्थीको निरन्तर मूल्याङ्कन प्रणालीमार्फत विद्यार्थीको सिकाइ अभिवृद्धिको सन्देशलाई भिन्न रूपमा शिक्षक तालिममा प्रयोग गरिएको थियो । निरन्तर मूल्याङ्कन प्रणालीलाई अनावश्यक बोझ ठान्ने शिक्षकहरू मैले खासै मिहिनेत नगरी, शिक्षकलाई नै उपयोग गरेर गरेको प्रयोगले निकै प्रभावित भएका थिए । सबै प्रशिक्षकलाई दिइएको सामग्री, समय र विषय वस्तुलाई तोकिएकै समयमा सहभागीलाई प्रयोग गरी कार्यान्वयन गरेको थिए । तालिममा आएर रमाइलो गर्ने, गफ गर्ने र अन्त्यमा केही पनि नसिकिएको अनुभव गर्ने शिक्षकहरूका लागि निरन्तर मूल्याङ्कन प्रणालीको ढाँचामा दैनिक सिकाइ परीक्षण उपलब्धिमूलक भएको निचोड निकालेर विद्यालयमा गएर पनि प्रयोग गर्ने प्रतिबद्धता देखाउनु भएका शिक्षकले प्रयोग गर्नुभयो वा भएन त्यसको जानकारी अझसम्म पाएको छैन ।

## दैनिक सिकाइका परीक्षणका फाइदा

१. विद्यार्थी वा सहभागीको सिकाइको तत्क्षणमा नै परीक्षण गर्न सकिने,
२. विद्यार्थीहरू वा सहभागीहरूमा हरेक दिनको पाठको पुनरावलोकन गर्ने प्रवृत्ति बढ्ने,
३. विद्यार्थीहरू वा सहभागीहरूमा सिकाइप्रति चासो बढ्ने,
४. शिक्षकहरूलाई कक्षा सञ्चालनमा विद्यार्थी वा सहभागीबाट सहयोग मिल्ने,
५. विद्यार्थीहरू वा सहभागीहरूमा प्रतिस्पर्धाको भावना विकास हुने,
६. विद्यार्थीहरू वा सहभागीहरूमा श्रुति लेखन क्षमताको विकास हुने,
७. विद्यार्थीहरू वा सहभागीहरूमा एकाग्रता बढी सुनाइ क्षमताको विकास हुने,
८. हरेक पाठमा भएका महत्त्वपूर्ण विषय वस्तुको जानकारी हुने,
९. विद्यार्थीहरू वा सहभागीहरूमा उत्तर परीक्षणको सिप विकास हुने,
१०. विद्यार्थीहरू वा सहभागीहरूमा गलत कामप्रति सजगता बढ्ने,
११. शिक्षकप्रति सकारात्मक भावना विकास हुने,
१२. विद्यार्थीहरू वा सहभागीहरूमा साथीहरूसँग अन्तरक्रिया गर्ने क्षमता विकास हुने,
१३. कक्षामा विद्यार्थीहरू वा सहभागीहरूको नियमितता बढ्ने,
१४. विद्यार्थीहरू वा सहभागीहरूमा नियमित रूपमा अभ्यास गर्ने र फुर्सदको समय उपयोग गर्ने बानीको विकास हुने,
१५. समग्र सिकाइ उपलब्धिमा सुधार हुने,
१६. निरन्तर मूल्याङ्कन प्रणालीलाई सहयोग हुने ।

## विद्यालयमा प्रयोग तरिका

१. दैनिक सिकाइ परीक्षाका लागि आवश्यक पर्ने सामग्री तयार गर्ने, जस्तै : कार्डबोड पेपर, उत्तर लेख्ने पानाहरू, साइन पेन आदि,
२. विद्यार्थी वा सहभागीहरूलाई दैनिक सिकाइ परीक्षणको तरिका बताइदिने, स्पष्ट पारिदिने,
३. कक्षामा विद्यार्थी वा सहभागीहरूमा प्रतिस्पर्धाको वातावरण तयार गर्ने,
४. कक्षा शिक्षणमा पाठको अन्त्यपछि उक्त पाठका महत्त्वपूर्ण विषयमा कम्तीमा १० ओटा प्रश्न निर्माण गर्ने, यस्ता प्रश्नको उत्तर एक मात्र हुने गरी निर्माण गर्ने,
५. कक्षाको अन्त्यमा विद्यार्थी वा सहभागीहरूलाई हरेक प्रश्न टिपोट गराइदिने । टिपोट गर्दा ध्यान दिएर सुन्न लगाउने, प्रश्नलाई दुई पटकभन्दा बढी नदोहोऱ्याउने,
६. प्रश्न टिपोटपश्चात् कक्षा समापन गर्ने,
७. सहभागी वा विद्यार्थीको नाम कार्डबोर्ड पेपरमा टिप्ने साथै मिति, हरेक दिनका लागि पूर्णाङ्क, सहभागी वा विद्यार्थीले पाउने प्राप्ताङ्क लेख्न मिल्ने गरी तालिका बनाउने, सबै सहभागी वा विद्यार्थीले देख्न सक्ने स्थानमा टाँस्ने,

८. सहभागी वा विद्यार्थीलाई उत्तर लेख्नका लागि छुट्टै कागजका साना साना पाना वितरण गर्ने, यसका लागि प्रश्न नं. र सङ्क्षिप्त उत्तर (शब्द वा शब्दावली) लेख्न मिल्ने गरी साना साना कागज बाँड्ने,

९. सहभागी वा विद्यार्थीलाई आफ्नो रोल्न नं. वा सङ्केत नं. लेख्न निर्देशन दिने,

१०. सहभागी वा विद्यार्थीलाई उत्तर लेख्न तयार हुन लगाउने,

११. प्रशिक्षक वा शिक्षकले अघिल्लो दिन दिएको प्रश्नको क्रममा केही हेरफेर गरी प्रश्न दुई पटक भनिदिने (प्रश्नको संशोधित क्रमको स्पष्ट अभिलेख प्रशिक्षक वा शिक्षकसँग हुनुपर्ने),

१२. प्रशिक्षक वा शिक्षकले प्रश्न दुई पटकभन्दा बढी नदोहोऱ्याउने,

१३. सबै प्रश्न भन्ने काम र प्रशिक्षार्थी वा विद्यार्थीले लेख्ने काम सकिएपछि (अन्तिम प्रश्न बताएपछि उत्तर लेख्न एक मिनेट अवधि) लेखन कार्य बन्द गर्न लगाउने,

१४. उत्तर कापी सङ्कलन गर्न लगाउने, उत्तर कापीलाई छ्यासमिसे गरी परीक्षणका लागि वितरण गर्ने,

१५. शिक्षक वा प्रशिक्षकले उत्तर अङ्कन गर्ने तरिका बताइदिने,

१६. शिक्षक वा प्रशिक्षकले हरेक प्रश्नको प्रश्न नं. बताउँदै पढ्ने, प्रश्नको सही उत्तर बताइदिने, कति लेखेमा कति अङ्क प्राप्त हुने हो सो पनि बताइदिने,

१७. सबै प्रश्नको परीक्षण गरी अङ्क दिने काम सकिएपछि कुल योग गर्न लगाउने,

१८. भित्तामा टाँसिएको कार्डबोडमा विद्यार्थी वा सहभागीको नामअनुसार प्राप्ताङ्क टिपोट गर्ने,

१९. सबैको प्राप्ताङ्क टिपेपछि उत्तर लेखिएका कागजका पाना सङ्कलन गरी शिक्षक वा प्रशिक्षकको नियन्त्रणमा राख्ने,

२०. परीक्षण, अङ्कनमा कसैको चित्त नबुझेमा शिक्षक वा प्रशिक्षकले पुनरावलोकन गर्ने, गल्ती परीक्षण भएको भए परीक्षकको प्राप्ताङ्कमा १ अङ्क घटाइदिने, दाबी झुटो ठहरिएमा दाबी गर्नेको प्राप्ताङ्कमा १ अङ्क घटाइदिने,

२१. उक्त दिनको पूर्णाङ्कमा उत्कृष्ट अङ्क ल्याउने विद्यार्थी वा सहभागीलाई बधाई दिने र सबैलाई ताली बजाउन लगाउने,

२२. अन्य दिनमा माथिका यिनै क्रियाकलाप दोहोऱ्याउने ।

उपर्युक्त कार्य गराउँदा प्रश्नका स्तरतह विविधता ल्याउँनुपर्छ । विविधता ल्याउँदा निरन्तर विद्यार्थी मूल्याङ्कनका विविध साधन समावेश गराउँन सक्नुपर्छ । विषय वस्तुको प्रकृति र स्वरूपका साथै कक्षा कार्यकलाको प्रकारअनुसार त्यस्ता परीक्षण साधनमा विविधता दिन सकिन्छ । त्यसो गर्दा माथि उल्लेख गरिएको प्रयोग तरिकालाई पनि आवश्यकता अनुसार उपयोग गर्न सकिन्छ ।

## निष्कर्ष

विद्यार्थीले सिक्न सकेनन् भने शिक्षकले सिकाउन सकेन भन्ने गरिन्छ । विद्यार्थीलाई सिकाउने जिम्मेवारी र चुनौती दुवै शिक्षकको हो । विद्यार्थीको सिकाइ उपलब्धि नबढेका सन्दर्भमा उनीहरूको सिकाइ उपलब्धि बढाउने जिम्मेवारी शिक्षकको नै हो । सिकाइ उपलब्धि बढाउन शिक्षकले विभिन्न तरिका अपनाउनुपर्दछ । सिक्न नचाहने विद्यार्थी र सिकाउन प्रयत्न नगर्ने शिक्षकको प्रवृत्तिका कारण विद्यार्थीको सिकाइ उपलब्धि बढ्न नसकेको अवस्था हो । शिक्षकले आफूले अध्यापन गर्ने हरेक कक्षामा दैनिक सिकाइको परीक्षण गर्ने तरिका लागु गर्न सकेमा सिकाइ उपलब्धिमा सुधार हुन्छ भने विद्यार्थीमा सिक्न रुचि पनि बढ्छ । माथि उल्लिखित तरिकाका माध्यमबाट दैनिक सिकाइ परीक्षण कार्यान्वयन गर्न सके हिजोको सिकाइ उपलब्धि र विद्यार्थीको सिकाइप्रतिको रुचि दिन दुई गुणा रात चार गुणाका दरले बढ्न सक्छ । यसले निरन्तर मूल्याङ्कन प्रणालीलाई पनि सहयोग मिल्छ ।

## सन्दर्भ सामग्री

विभिन्न समयका लेखकका डायरीहरू